# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 09.12.2025

## Governor Wishes: Rajbhavan Release

राज्यपाल ओम प्रकाश माथुरले बाराहिमीजोङ पर्वका अवसरमा सिक्किमका जनता, विशेष गरी मङ्गर समुदायलाई शुभकामना व्यक्त गर्दै भन्नुभएको छ, "बाराहिमीजोङ पर्वले मङ्गर समुदायका लागि ठूलो धार्मिक र सांस्कृतिक महत्त्व राख्दछ। यो पर्व वर्षभरि ताजा बाली चढाएर निरन्तर आशीर्वादका लागि सर्वशक्तिमानप्रति कृतज्ञता व्यक्त गर्ने र आउने दिनहरूका लागि सौभाग्य खोज्ने वार्षिक अवसर हो।"

## Mangsari Magrjung: Vishnu Neupane/Madhu Sharma

मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि आज मङ्गर समुदायको पवित्र र सांस्कृतिक पर्व बाराहिमीजोङ्गको अवसरमा सिक्किमवासीलाई, विशेष गरी मङ्गर समुदायलाई हार्दिक शुभकामना तथा शुभेच्छा व्यक्त गर्नुभयो। मुख्यमन्त्री श्री तामाङले आफ्नो शुभकामना सन्देशमा बाराहिमीजोङ्ग मँगर समुदायका सबैभन्दा सम्मानित पर्वहरूमध्ये एक रहेको अनि यस पर्वका दिन परिवार र समुदायले आफ्ना पूर्वज र कुलदेवताहरूलाई पूजा-अर्चना गर्न एकत्र भई आफ्नो विरासत र आस्थासँग सम्बन्धित पर्वका रूपमा पालन गर्ने गरेको बताउनुभयो। यसैगरी आज पश्चिम सिक्किमको मङसारीमा अवस्थित मगरजोङमा यो पर्व हर्षोल्लासका साथ पालन गरिएको छ। कार्यक्रममा सिक्किम विधानसभाका उपाध्यक्ष राजकुमारी थापा र विधायक आदित्य गोले उपस्थित हुनुहुन्थ्यो। पर्वका अवसरमा ऐतिहासिक झेरबोली, सांस्कृतिक नृत्य, परम्परागत पोशाक र भोजको व्यवस्था गरिएको थियो। कार्यक्रममा सहभागीहरूले समुदायको ऐक्यवद्धता, सांस्कृतिक मूल्य र परम्पराप्रति गहिरो चासो रहेको जनाएका छन्।

## Ministry of AYUSH Press Release 8th December

आयुष मन्त्रालयले १७ देखि १९ डिसेम्बर २०२५ सम्म भारत मण्डपममा आयोजना हुने दोस्रो विश्व स्वास्थ्य सङ्गठनको परम्परागत चिकित्सासम्बन्धी विश्वव्यापी शिखर सम्मेलनअघि नयाँ दिल्लीस्थित राष्ट्रिय मिडिया सेन्टरमा पत्रकार सम्मेलनको आयोजना गऱ्यो। सम्मेलनको उद्देश्य **"सन्तुलन पुनर्स्थापना: स्वास्थ्य तथा कल्याणको विज्ञान र अभ्यास"** भन्ने विषयवस्तुमा केन्द्रित रहनेछ। केन्द्रीय आयुष राज्यमन्त्री प्रतापराव जाधवले भारतले दोस्रो विश्व स्वास्थ्य सङ्गठनको परम्परागत चिकित्सा सम्बन्धी विश्वव्यापी शिखर सम्मेलन आयोजना गरेकामा गर्व व्यक्त गर्नुभयो। श्री जाधवले भन्नुभयो, यो शिखर सम्मेलन मानव स्वास्थ्य, खुसी र कल्याणका लागि परम्परागत चिकित्सालाई मुख्यधारमा ल्याउने सामूहिक वैश्विक प्रयासमा अर्को महत्त्वपूर्ण कोसेढुङ्गा हो, जुन भारतको **"सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयः"** को दृष्टिकोणमा आधारित छ।

## SIKKIM -THE SILK ROUTE DRIVE

सिक्किम सरकारले भारतीय सेनासँगको सहकार्यमा डिसेम्बर ११ देखि १५ २०२५ सम्म सुपर कार ऱ्याली आयोजना गर्ने तयारी गरेको छ, जसमा ल्याम्बोर्गिनी, पोर्श र बी.एम.डब्ल्यू सवारी साधनहरू समावेश हुनेछन्। ऱ्याली सिक्किमको पहाडी भूभागको सुन्दर परिदृश्य पार गर्दै अघि बढ्नेछ र यसले प्रसिद्ध रेशम मार्ग अर्थात् सिल्क रुटलाई पछ्याउनेछ।

## Sikkim Milk: Suman Gajmer

सिक्किम सहकारी दुग्ध उत्पादक संघ लिमिटेडले नैताम सामुदायिक हलमा दुग्ध किसानहरूका लागि उत्तम स्वच्छता अभ्यास र राम्रो उत्पादन अभ्यास सम्बन्धी पूर्ण-दिनको व्यापक प्रशिक्षण कार्यक्रम सफलतापूर्वक सञ्चालन गऱ्यो। यस प्रशिक्षण कार्यक्रमको उद्देश्य स्वच्छ दुग्ध उत्पादनलाई सुदृढ पार्नु अनि वैज्ञानिक ज्ञान र व्यावहारिक सीपहरूद्वारा किसानहरूलाई सशक्त बनाउनु रहेको थियो। भारत सरकारको राष्ट्रिय दुग्ध विकास कार्यक्रम अन्तर्गत यस कार्यक्रमलाई पूर्ण रूपमा समर्थन गरिएको थियो, जसले दिगो दुग्ध विकास र किसान कल्याणप्रति राष्ट्रिय प्रतिबद्धतालाई पुन: पुष्टि गर्दछ।

## Angler's Association: Vishnu Neupane

सिक्किम एङ्ग्लर्स एसोसिएशनले २५ वर्ष पूरा गरेका अवसरमा **माछा मार्ने होइन- खोला र माछासित रमाउँदै साहसिक पर्यटन विकासको गर्ने** प्रतिबद्धता व्यक्त गर्दै, आज गान्तोकमा पत्रकार भेलामा आगामी चार महिनासम्म विभिन्न कार्यक्रमका साथ जागरूकता कार्यक्रम, प्रशिक्षण गतिविधिहरू र एक प्रमुख रजत महोत्सव कार्यक्रम आयोजना गर्ने जनाएको छ।

## Archery: Ajay Thami

अन्तर ग्रामीण रिकर्भ आर्चरी प्रतियोगिता आज नाम्चेबुङ निर्वाचन क्षेत्र अन्तर्गत सेन्टी आर्चरी मैदानमा सुरु भयो। यो प्रतियोगिता सेन्टी युथले सेन्टी आर्चरी समितिको सहकार्यमा अनि क्षेत्र विधायक एवं शिक्षा, खेलकुद तथा युवा मामिला विभाग, कानुन तथा संसदीय मामिला विभागका मन्त्री राजु बस्नेतको सहयोगमा आयोजना गरिएको हो। उद्घाटन खेलमा कार्लिङ ब्रदर्सले पाब्युक गुम्पालाई ६४-२६ अङ्कले पराजित गर्दै प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ।